# प्रेस विज्ञप्ति

प्रत्येक स्थानीय तह मातहत रही सञ्चालन हुने रोजगार सेवा केन्द्रमा रहने रोजगार संयोजकको रिक्त पदमा पदपूर्ति गर्नका लागि यस मन्त्रालयबाट मिति २०७५।१०।०४ मा प्रकाशित सूचना अनुसार दरखास्त दिने समय आज अपरान्ह ५.३० बजे समाप्त भएको छ।

दरखास्त दिने अन्तिम समयसीमा ५.०० बजे तोकिएकोमा प्राविधिक कारणवश अनलाइन दरखास्त प्रणाली आधा घण्टा अवरुद्ध भएको हुनाले आधा घण्टा समय थप गरी अन्तिम समय सीमा ५.३० बजेसम्म कायम गरिएको थियो।

दरखास्त दिने अन्तिम समयसीमा भित्र जम्मा २३,९६८ आवेदन दर्ता भएका छन्। प्राप्त आवेदनहरुको प्रदेशगत विवरण देहायबमोजिम छः

| प्रदेश | जम्मा आवेदन संख्या |
|---|---|
| प्रदेश १ | ३,६६५ |
| प्रदेश २ | ३,६७१ |
| प्रदेश ३ | ४,९९४ |
| गण्डकी प्रदेश | १,९५५ |
| प्रदेश ५ | २,३०१ |
| कर्णाली प्रदेश | ३,३७८ |
| सुदुरपश्चिम प्रदेश | ४,००४ |

प्राप्त कूल आवेदनमध्ये ५,८०५ जना आवेदकहरुले आफ्नो ईमेलमा गई आवेदन Verify नगरेको पाइएको छ। तोकिएको समयसीमाभित्र आवदेन दिएका तर Verify नगरेका आवेदकहरुलाई भोली मिति २०७५।१०।१९ गते राती १२.०० बजेसम्म Verify गर्न सक्ने व्यवस्था गरिएको छ। Veriffy नभएका आवेदकहरुको सूची वेभसाइटमा समेत प्रकाशित गरिएको छ। साथै सम्बन्धित आवेदकको मोबाइल नम्बर तथा ईमेल ठेगानामा समेत सोको जानकारी पठाइ सकिएको छ। थप गरिएको समय भित्र समेत Verify नहुने दरखास्तहरु स्वतः बदर हुनेछन्।

प्राप्त दरखास्तहरुको तोकिएका मापदण्डहरुका आधारमा स्वचालित कम्प्युटर प्रणालीबाट रिक्त पदसंख्याको तीनगुणा बराबर आवेदकहरुको योग्यताक्रमको प्रारम्भिक सूची आजका मितिले १० दिनभित्र तयार गरी कम्प्युटर सीप परीक्षाका लागि मिति, समय र स्थान तोकी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np मा सूचना सार्वजनिक गरिनेछ। सोको जानकारी योग्यताक्रमको प्रारम्भिक सूचीमा पर्ने उम्मेदवारहरुको मोबाइल नम्बरमा समेत पठाइनेछ।

सहसचिव
प्रधानमन्त्री रोजगार कार्यक्रम
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
२०७५।१०।१८